# पहिलो परिच्छेद

## शोधकार्यको परिचय

### १.१ शोध-शीर्षक र यसको परिचय

प्रस्तुत शोध प्रबन्धको शीर्षक "नेपाली लहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन" रहेको छ ।

नेपाली प्राज्ञिक परम्परामा एक खास किसिमका साहित्यिक कृतिहरूलाई 'लहरी साहित्य' भन्ने प्रचलन रहँदै आएको छ ।[१] सन् १९८२ (वि.सं.२०३९) मा प्रस्तुत शोध शीर्षकको चयन त्यही प्राज्ञिक परम्पराका सन्दर्भमा गरिएको कुरा सर्वप्रथम यहाँ उल्लेखनीय हुन गएको छ ।

साहित्यका सबै विधामा 'लहरी' उत्तरपद लागेका रचना भने भेटिँदैनन् र कविताका विधा क्षेत्रमा नै 'लहरी' उत्तरपद लागेका रचना भेटिने गर्दछन् । त्यसैले यहाँ 'लहरी साहित्य' को तात्पर्य नेपाली कविताको परम्परामा भेटिने त्यस्ता कविता-कृतिहरूमा नै सीमित हुन पुग्दछ जुन प्रायः फुटकर कविता भन्दा लामा र स्वल्पाख्यान वा कुनै केन्द्रीय प्रमुख विषयवस्तुलाई अँगाली कविताको मध्यमरूपतर्फ उन्मुख रहेकाछन् अनि यसलाई मोटामोटी रूपमा 'लहरी काव्य' भन्न सकिन्छ ।

---

१(क) शरद्चन्द्र शर्मा भट्टराई, नेपाली साहित्यको इतिहास (माध्यमिक काल); त्रि.वि.वि., पाठ्यक्रम विकास केन्द्र, काठमाडौं; २०३७; पृ.४२ र २१९-२२० ।

(ख) कमल दीक्षित, कोसुन; जगदम्बा प्रकाशन, ललितपुर; २०३६; पृ.७६-८१ ।

लहरी काव्य नेपाली कविता विधाको एक महत्वपूर्ण अंश रहेको छ। त्यस गरेर वि.सं.१९०० देखि वि.सं.१९९० सम्मको अवधिमा नेपाली कविता विधा अन्तर्गत एक्काइसवटा लहरी काव्य रचिएका र प्रकाशित भएका पाइन्छन् भने अद्यावधि पनि फाटफुट रुपमा लहरी काव्यको रचना एवं प्रकाशन हुँदै गरेको देख्न पाइन्छ। वि.सं.१९०० देखि वि.सं.१९९० को अवधिका यिनै लहरी काव्यको अध्ययनसँग प्रस्तुत शोधकार्य सम्बन्धित रहेकोछ। नेपाली कविताको परम्पराका सापेक्षतामा यिनै लहरी काव्यको अध्ययनतर्फ यो शोधकार्य निर्दिष्ट रहेको छ।

नेपाली कविताको परम्परामा मौखिक र लिखित दुवै धरी धाराहरू भेटिने गर्दछन्। नेपाली कविताको थालनी मौखिक लोकधाराबाट भई त्यसले समय-क्रममा लेख्य-शिष्ट धारा समाती अगाडिएको पाइन्छ। लेख्य नेपाली कविताको इतिहास विक्रमीय उन्नाइसौं शताब्दीतिरबाट थालिएको भए तापनि नेपाली भाषाको उद्भव (विक्रमीय एघारौं शताब्दीतिर)[२] सँगै नेपाली जनसाधारणले विभिन्न स्थिति-परिस्थितिमा गुनगुनाएका वा गाएका चैत, चाँचरी, चैतेलो, धमारी, फाग, बाहुन, मागल, भारत, सँगिनी प्रभृति गीत-गाथाहरू[३] लयात्मक एवं सङ्गीतात्मक रहेका पाइने हुनाले विक्रमीय एघारौं शताब्दीदेखि विक्रमीय उन्नाइसौं शताब्दीसम्मको समयलाई नेपाली कविताको अलिखित वा श्रुतिकाल

---

[२] चूडामणि बन्धु, नेपाली भाषाको उत्पत्ति; जगदम्बा प्रकाशन, ललितपुर; २०२६; पृ.२७-५२।

[३](क) पुर्णिम रिमाल, कर्णाली लोक संस्कृति (खण्ड - ५); ने.रा.प्र.प्र., काठमाडौं; २०२८; पृ.१-३२।

(ख) पूर्णप्रकाश नेपाल 'यात्री', सेरी लोक साहित्य; ने.रा.प्र.प्र., काठमाडौं; २०४१; पृ.७७-४८०।

(ग) देवकान्त पन्त (सम्पा.), डोटेली लोक साहित्य; नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.वि., काठमाडौं; २०३२; पृ.१८-२०६।

(घ) धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोक साहित्यको विवेचना; त्रि.वि.वि., पाठ्यक्रम विकास केन्द्र, काठमाडौं; २०४१।

(अथवा पृष्ठभूमि काल) मान्न सकिन्छ । तैपनि नेपाली कविताको इतिहासलाई चाहिँ प्राथमिक काल (१८२६–१९४०), माध्यमिक काल (१९४१–१९७४) र आधुनिक काल (१९७५ देखि यता) गरेर मुख्यत: तीन कालमा बाँड्ने चलन रहेको छ ।[4] प्राथमिक काल अन्तर्गत पूर्वार्द्ध (१८२६–१८७३)[5] र उत्तरार्द्ध (१८७४–१९४०)[6] गरी दुई चरणमा र माध्यमिक काललाई पनि पूर्वार्द्ध (१९४१–१९६२)[7] र उत्तरार्द्ध १९७४)[8] गरी दुई चरणमा छुट्याइएको पाइन्छ । आधुनिक काल अद्यावधि चल्दै गरेकाले यसका विविध चरण–उपचरण रहेकाछन् र १९७५ देखि १९९० सम्मको समय चाहिँ आधुनिक नेपाली कविताको पहिलो चरण[9] मानिएको छ ।

नेपाली कविताको यही परम्परामा खासगरी प्राथमिक कालको उत्तरार्द्ध (१८७४–१९४०) देखि माध्यमिक काल (१९४१–१९७४; अर्थात् मोतीराम भट्टदेखि लेखनाथ पौड्याल पूर्वसम्म) भर र आधुनिक कालको चाहिँ पहिलो चरण (१९७५–१९९०; अर्थात् लेखनाथ पौड्यालदेखि <u>शारदा</u> पत्रिका प्रकाशन पूर्व) सम्म ''लहरी'' नाम उपर पदका रूपमा वहन गर्ने अनेक कविता–कृति रचिएका र प्रकाशित भएका पाइएका छन् । यस्ता लहरी कृतिहरू मध्ये वसन्त शर्माको <u>समुद्र लहरी</u> (१९००),

---

४(क) दयाराम श्रेष्ठ सम्भव, <u>प्रारम्भिक कालको नेपाली साहित्य: इतिहास र परम्परा</u>; त्रि.वि.वि., पाठ्यक्रम विकास केन्द्र, काठमाडौं; २०३८; पृ.४७–५२ ।
(ख) शरदचन्द्र शर्मा भट्टराई, <u>पूर्वोक्त</u>; पृ.२३–३२ ।
(ग) वासुदेव त्रिपाठी र अरू (सम्पा.), <u>नेपाली कविता</u> (भाग ४); साझा प्रकाशन, काठमाडौं; २०४६; पृ.९७–१४६ ।

५–६(क) दयाराम श्रेष्ठ सम्भव, <u>पूर्वोक्त</u>; पृ.४७–५२ ।
(ख) वासुदेव त्रिपाठी र अरू (सम्पा.), <u>पूर्वोक्त</u>; पृ.१०५–१०६ ।

७–८(क) शरदचन्द्र शर्मा भट्टराई, <u>पूर्वोक्त</u>; पृ.२३–३२ ।
(ख) वासुदेव त्रिपाठी र अरू (सम्पा.), <u>पूर्वोक्त</u>; पृ.११२–११७ ।

९ वासुदेव त्रिपाठी र अरू (सम्पा.), <u>पूर्वोक्त</u>; पृ.११७–११९ ।

ज्ञानदिल दासको उदय लहरी (१९३४), कृष्णप्रसाद रेग्मीका विरह लहरी (१९६२), कामिनी विरह लहरी (र.का.१९६२–६५) र संक्षिप्त विरह लहरी (र.का.१९६२–६५), रत्ननारायण प्रधान (आर.एन. प्रधान) को प्रेम लहरी (चार भाग; सन् १९१२), बलबहादुर साक मगर प्रभृति लोक कवि-गायकहरूको आनन्द लहरी (आठ भाग; १९७३–७४), प्रसादसिंह राई नेवालीको प्रीति लहरी (सन् १९१९), महानन्द सापकोटाको मन लहरी (१९८०) आदि विशेष उल्लेख्य रहेका छन् । यसपछि पनि पं. गुणराज उपाध्याय रामदासको विचार लहरी (भाषा खण्ड; र.का.२००२), लक्ष्मीप्रसाद देवकोटाको वैराग्य-लहरी (र.का.२००४–२००६), प्रभुनाथ अधिकारीको संगीत लहरी (२०२५), गणेशप्रसाद शर्मा लुइँटेलको ज्ञान लहरी (२०३६) जस्ता केही लहरी कृतिहरू फाटफुट प्रकाशित भएका पाइन्छन् । नेपाली कविताको परम्परामा मुख्यरूपमा विक्रमीय बीसौं शताब्दीको सातौं दशकको शुरुतिर लहरी काव्यको बाढी नै चलेको देखिन्छ । यी लहरी-काव्यले मुख्यरूपमा माध्यमिक कालको उत्तरार्द्ध (१९६३–१९७४) मा र सीमित मात्रामा प्राथमिक कालको उत्तरार्द्ध (१८७४–१९४०), माध्यमिक कालको पूर्वार्द्ध (१९४१–१९६२) तथा आधुनिक कालको पहिलो चरण (१९७५–१९९०) मा पनि कविता विधाको मध्यम आयामको विकासमा थप सघाउ पुर्‍याएको पाइन्छ । यी लहरी कृतिहरू मूलत: नेपाली लोक छन्दहरूमा सम्बन्धित रहेका र प्राय: सूक्ष्माख्यान वा आख्यान विकल्पलाई अँगाली (कोश काव्य वा खण्डकाव्यका निकट रही) कविताको मध्यम रूपतर्फ उन्मुख रहनाकासाथै तत्कालीन सन्दर्भमा संस्कृत अथवा फारसी शिक्षाप्राप्त शिष्टजनहरू भन्दा लोकगीत र गाथाको कवितात्मक जनसंस्कारबाट विशेष उत्प्रेरित भएका हुनाले पनि यिनीहरूको विशेष महत्त्व रहेको छ ।

यिनै कुराका सिलसिलामा विचार गर्दा नेपाली लोक गीत र लोक गाथाको संस्कारबाटै शिष्ट वा लेख्य काव्य सृजनामा अवतरित हुन लोकमुखी

प्रतिभाहरूलाई प्रेरणा मिलेको बुझिन्छ । त्यसैले यी लहरी काव्यहरू नेपाली कविताको परम्परामा एक विशिष्ट कविताका रूपमा रहेका छन् । लहरी साहित्यका नामले समेत प्रचलित यिनै लहरी काव्यहरूलाई शोध क्षेत्र बनाई यिनको अध्ययन गरी विश्लेषण र मूल्याङ्कन गर्ने कार्यसँग यो शोध शीर्षक सन्दर्भित रहेको छ । यस क्रममा कृतिगत शीर्षकमा उत्तर पदका रूपमा "लहरी" शब्दको प्रयोग गरिएका लगभग १९०० देखि १९८० सम्मका नेपाली लहरी काव्यकृतिहरूकै वरिपरिमा यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको मात्र होइन विश्वका कुनै पनि साहित्यको थालनीका क्रममा लिखित भन्दा अलिखित (श्रव्य वा मौखिक) परम्परा नै प्रथमतः प्रवाहित भएको पाइन्छ । वस्तुतः लिपि र लेखन परम्परा अँगाली शिक्षित शिष्ट समुदायले साहित्यिक अभिव्यक्ति दिन थालेपछि नै लिखित साहित्यिक परम्पराको शुरुवात भएको हो । आधुनिक नेपाली कविताको पृष्ठभूमिका निम्ति प्राथमिक काल (१८२६–१९४०) र माध्यमिक काल (१९४१–१९७४) का कवि वा काव्य उल्लेख्य भए झैं प्राथमिक र माध्यमिक साहित्यको प्रस्फुटन र विकासका उत्प्रेरणाका रूपमा नेपाली लोकसंस्कृतिसँग हुर्कदै आएका मौखिक लोकधाराका फाग, सगुन, धमारी, चाँचरी, पैंसेलो, भजन, फ्याउरे प्रभृति गीत–गाथा पनि महत्वपूर्ण रहेकाछन् । वस्तुतः फाग, धमारी, चाँचरी, पैंसेलो, सँगिनी, बाहुन, भजन, गाइने गीत, जुवारी गीत, रसिया, मालसिरी, चौसी, मैलो, फ्याउरे, सवाई, कवित् आदि गीत–गाथाहरू हाम्रा पुर्ख्यौली परम्परा हुन् र यिनीहरूमा पनि जातीय जीवनको पुरानो सांस्कृतिक छवि पाइन्छ । "शान्ति–क्षणमा स्मरण गरिएका प्रबल मनोवेगहरूको सहज उच्छलन नै कविता हो"[१०] भनेर वर्ड्सवर्थले

---

[१०] शान्तिस्वरूप गुप्त, पाश्चात्य काव्य–शास्त्र के सिद्धान्त (द्वि.सं.); अशोक प्रकाशन, दिल्ली; सन् १९६७; पृ.२७० ।

भने झैं फाग, धमारी, चाँचरी प्रभृति गीत–गाथाहरू पनि नेपाली लोक प्रतिभा–हरूका सशक्त अनुभूतिका स्वतस्फूर्त अभिव्यक्ति हुन्; अनि नेपाली लहरी काव्य पनि मौखिक परम्परामा हुर्कँदै आएको यस्तै गीत–गाथाहरूबाट धेर–थोर मात्रामा प्रभावित र प्रेरित भई विकसित भएको एउटा काव्य विधा हो । त्यसैले प्रस्तुत शोधकार्य निम्नलिखित शोध–समस्याहरूप्रति मुख्यत: निर्दिष्ट रहेको छ:

(अ) नेपाली लहरी काव्यका उत्प्रेरक कारकहरू के हुन्?

(आ) कविताका सैद्धान्तिक घेरामा यी लहरी काव्यहरूको स्थिति कै–कस्तो देखिन्छ?

(इ) नेपाली कविताका यात्रामा लहरी काव्यको प्रादुर्भाव र विकासको इतिवृत्त कै–कस्तो देखिन्छ अनि खासगरी १९००–१९९० बीचका यस्ता मुख्य लहरी–कृतिहरू कुन–कुन हुन्?

(ई) यी लहरी काव्यको कृतिगत स्वरूप र प्रवृत्तिगत मूल्य कै–कस्तो छ?

(उ) समष्टिमा लहरी काव्यहरूले नेपाली कविताका सम्बन्धित अवधिमा दिएका थप आयाम मूल्यगत देन के हुन्?

प्राज्ञिक दृष्टिले उपर्युक्त पाँच समस्या वा प्रश्नहरूको समुचित छानविन भई यिनको समीचीन प्राज्ञिक निक्योंल अझै प्राप्त नभएकाले यिनै प्राज्ञिक समस्या–हरूको अध्ययनसँग यो शोधकार्य सम्बन्धित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

माथि समस्याकथनमा उल्लेख गरिएका समस्याहरूप्रति सचेत रही प्रस्तुत शोधकार्यले पाँचवटा उद्देश्यहरू प्राप्त गर्ने छ । यस क्रममा नेपाली लहरी काव्य सिर्जनाका उत्प्रेरक कारकहरू ठम्याउनु र तिनको व्याख्या गर्नु यस शोधकार्यको पहिलो उद्देश्य रहेको छ । कविता विधा अन्तर्गत एक उपविधाका रूपमा लहरी

काव्यको आयाम र स्वरूप पहिल्याई त्यसको व्याख्या गर्नु पनि यस शोधकार्यको अर्को उद्देश्य हो । लहरी काव्यको प्रादुर्भाव र विकासको इतिवृत्तको सर्वेक्षण गर्नु र त्यस क्रममा लहरी काव्यका रचयिता र रचना एवं प्रकाशन काल सम्बन्धी काल क्रमिक विवरणलाई सूचीबद्ध गर्नु पनि प्रस्तुत शोधकार्यको उद्देश्य भित्र पर्दछ । प्रत्येक लहरी काव्यको कृतिगत स्वरूप र प्रवृत्तिकासाथै मूल्य स्तरको निरूपण गर्नु पनि यस शोधकार्यको उद्देश्य हो । लहरी काव्यले नेपाली कविताका विभिन्न काल तथा धारा-उपधारामा (खास गरी १६०० देखि १६६० सम्म) दिएको थप आयाम र मूल्यको विवेचना गर्नु चाहिँ प्रस्तुत शोध कार्यको अन्तिम उद्देश्य हो । अलग-अलग बुँदागत रूपमा यिनै उद्देश्यलाई यसरी राख्न सकिन्छ:

(अ) नेपाली लहरी काव्यका उत्प्रेरक कारकहरूको विवेचना गर्नु;

(आ) कविताका सैद्धान्तिक परिप्रेक्ष्यमा लहरी काव्यको सैद्धान्तिक स्थितिको आकलन गर्नु;

(इ) नेपाली कविता यात्राका परिप्रेक्ष्यमा नेपाली लहरी काव्यको थालनी र विकासक्रमको सर्वेक्षण गर्नु;

(ई) प्रत्येक लहरी काव्यका कृतिगत स्वरूप र प्रवृत्तिको विश्लेषण गरी मूल्यस्तरको निरूपण गर्नु र भाव एवं लय र ढाँचाका आधारमा नेपाली लहरी काव्यहरूको वर्गीकरण गर्नु;

(उ) नेपाली कविता यात्रामा (खासगरी १६००-१६६० का अवधिमा) लहरी काव्यले दिएका थप आयाम र मूल्यको विवेचना गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

नेपाली लहरी साहित्यका नामले समेत प्रचलित प्रस्तुत नेपाली लहरी काव्यका विषयमा यसभन्दा अघि विद्वान समालोचकहरूले गरेका मुख्य चर्चा-समालोचना आदिको संक्षिप्त विवेचना निम्न लिखित तीन वर्गमा बाँडी काल-क्रमिक रूपमा गर्नु उपयुक्त देखिन्छ:

(क) पत्र-पत्रिकामा प्रकाशित लेख

| लेखक | शीर्षक | प्रकाशन स्रोत |
| --- | --- | --- |
| (१) लक्ष्मीदेवी सुन्दास | शृङ्गारि धारामा दार्जीलिङ्गको 'प्रेम लहरी' | साहित्य सङ्केत (त्रैमासिक), वर्ष १६, पूर्णाङ्क १६; कालिम्पोङ; अप्रैल १९८२; पृ.५०-५३ । |
| (२) हरि स्याङ्ग्देन | सन् १९१६ को आनन्द लहरी: एक झलक | हिमालचुली (दैनिक); वर्ष २, संख्या १५८; सिलगढी; १३ नोभेम्बर १९८३; पृ.२-३ । |
| (३) धनसिंह लकान्द्री | सवाई र लहरी: एक झलक | हिमालचुली (दैनिक); वर्ष ४, संख्या १३८; सिलगढी; २८ जुलाई १९८५; पृ.२ । |
| (४) इन्द्रबहादुर राई | र नेपाली लहरी साहित्य | हिमालयन टु-डे (अन इण्डियन क्वार्टरली); भोल्युम १, नम्बर २; दिल्ली; सेप्टेम्बर १९८८; पृ.१४-१५ । |

उपर्युक्त लेखहरूमध्ये लक्ष्मीदेवी सुन्दासको उक्त लेखमा प्रेम लहरी (चार भाग; सन् १९१२) का रचयिता रत्ननारायण प्रधान (आर.एन. प्रधान) को संक्षिप्त परिचयकासाथै प्रेमलहरीलाई हाजीरमान राईको मीठा मीठा नेपाली गीत (सन् १९००) को प्रकाशनपछि दार्जीलिङ्गको पृष्ठभूमिमा रचिएको पहिलो शृङ्गारिक कविता-कृति भनिएको छ र यसलाई 'प्रेम र विरहको काव्य' भनेर यसको छोटो परिचयात्मक चर्चा गरिएको छ ।

हरिस्याङ्‌ग्देनले चाहिँ उनको उक्त लेखमा आनन्द लहरी (आठ भाग; सन् १९१६–१७) – का रचयिताहरूमध्ये तारामान गुरुङ्, चन्द्रमान राई र धुरजमान क्षेत्री मन्सोङ्ग कुलेनवारी विस्टार (काथूवोम) – का वासिन्दा रहेका र आनन्द लहरी सन् १९१६ मा रचिएर सन् १९१७ तिर प्रकाशित भएका कुराको चर्चा गरेका छन् ।

धनसिंह लकान्द्रीले भने उनको उक्त लेखमा नेपाली जनजीवनमा सवाई र लहरीको प्रभाव भानुभक्तीय रामायणको प्रभाव भन्दा कम नभएका कुराको उल्लेख गर्दै उदय लहरी (१९३४), आनन्द लहरी (आठ भाग; सन् १९१६–१७), प्रीति लहरी (सन् १९१९) र मन लहरी (१९८०) एक बारे संक्षिप्त टिप्पणी गरेको पाइन्छ ।

इन्द्रबहादुर राईले "द नेपाली लहरी साहित्य" मा सुकु लहरी (१९००), उदय लहरी (१९३४), आनन्द लहरी (आठ भाग; सन् १९१६–१७), प्रीति लहरी (सन् १९१९) जस्ता एकाध लहरी काव्यका रचयिताहरूको उल्लेख गरेर भारतीय नेपाली लहरी साहित्य (काव्य) – का निर्माताहरू मूलत: भोट-बर्मेली भाषा गोष्ठीका अल्पपठित लोकप्रतिभाहरू रहेका र उनीहरू हाजीरमान राईका मीठा मीठा नेपाली गीत (सन् १९००) बाट प्रभावित-प्रेरित भएका कुराको उल्लेख गरेको पाइन्छ । अंग्रेजी भाषामा लेखिएको इन्द्रबहादुर राईको प्रस्तुत लेखले अनेपाली भाषीहरूलाई नेपाली लहरी काव्यको यत्किञ्चित चिनारी गराउन सघाउ पुऱ्याएको छ भन्न सकिन्छ ।

(ख) समालोचना संग्रह भित्रका लेख

| लेखक | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| (१) कृष्णचन्द्रसिंह प्रधान | नेपालीमा शृङ्गार-कालीन कविता | साझा समालोचना, साझा प्रकाशन, काठमाडौं; २०३५; पृ.१५३–१७५ । |

| लेखक | शीर्षक | प्रकाशन स्रोत |
| --- | --- | --- |
| (२) भीमकान्त उपाध्याय | नेपाली काव्य परम्परा र लहरी काव्य | सरस्वती पत्रिका, नयाँ पुस्ती प्रकाशन, गुवाहाटी; सन् १९८३; पृ.११६-१३२ । |

उपर्युक्त लेखहरूमध्ये कृष्णचन्द्रसिंह प्रधानको उक्त लेखमा नेपाली शृङ्गारिक कविताको विकास परम्पराको चर्चा गर्दै आनन्द लहरी (आठ भाग; सन् १९१६-१७) - लाई माध्यमिक कालको शृङ्गारिक धाराको लहरी कृति हो र यो आनन्द लहरी उपमा-उपमेयका दृष्टिले मात्र नभएर ""कवितामा हुनुपर्ने भावको सौन्दर्यपरक व्यञ्जना, स्वाभाविक र हृदयग्राही भावोद्गारले पनि शृङ्गारकालीन कविताको फाँटमा उल्लेखनीय कृति हो"" (पृ.१६८) भनिएको छ ।

भीमकान्त उपाध्यायले चाहिँ उनको पूर्वोक्त लेखमा नेपाली कविताको विकासक्रमको संक्षिप्त चर्चा गरेर नेपाली लहरी काव्य नेपाली लोक गीत र गाथा परम्पराबाट प्रभावित र प्रेरित भई रचिएका हुन् भन्ने कुरा दर्शाएका छन् अनि सुधा लहरी (१९००), उदय लहरी (१९३४), आनन्द लहरी (आठ भाग; सन् १९१६-१७) र मन लहरी (१९८०) जस्ता स्थाय लहरी काव्यका भाव, भाषा एवं छन्द-शैलीको चर्चा गरेर नेपाली काव्य परम्परामा लहरी काव्यले छुट्टै विशिष्ट स्थान ओगट्न पुगेको छ भन्ने कुरालाई विश्लेषणात्मक ढङ्गले देखाउने प्रयास गरेको पाइन्छ ।

(ग) ग्रन्थ भित्र गरिएको आंशिक चर्चा

| लेखक | ग्रन्थ |
| --- | --- |
| (१) जनकलाल शर्मा | जोसमनी सन्त परम्परा र साहित्य; शाही नेपाल एकेडेमी, काठमाडौं; २०२०; पृ.८-६० र ८६-१३१ । |

| लेखक | ग्रन्थ |
| --- | --- |
| (२) केशवप्रसाद उपाध्याय | प्राथमिक कालीन कवि र काव्य प्रवृत्ति; साझा प्रकाशन; काठमाडौं; २०३२; पृ.११७–१३६ तथा १६२ । |
| (३) तुलसीबहादुर छेत्री | नेपाली साहित्यको विकासमा दार्जीलिङ्को योगदान (विद्यावारिधि शोध प्रबन्ध), त्रि.वि.वि., काठमाडौं; २०३४; पृ.१४४–२४६ । |
| (४) शरच्चन्द्र शर्मा भट्टराई | नेपाली साहित्यको इतिहास (माध्यमिक काल); त्रि.वि.वि., पाठ्यक्रम विकास केन्द्र, काठमाण्डौं; २०३७; पृ.१०४–१०७ तथा २१९–२२० । |
| (५) प्रतापचन्द्र प्रधान | माध्यमिक कालीन नेपाली कवितामा श्रृङ्गार; नाथ पब्लिशिंग हाउस, वाराणसी; २०३७; पृ.४३, ४५, ४६, ५४–५७ र ८५–८८ । |
| (६) दयाराम श्रेष्ठ सम्भव | प्रारम्भिक कालको नेपाली साहित्य: इतिहास र परम्परा; त्रि.वि.वि., पाठ्यक्रम विकास केन्द्र, काठमाडौं; २०३८; पृ.१०४–१०७ तथा २१९–२२० । |
| (७) कुमार प्रधान | (क) पहिलो पहर; श्याम प्रकाशन, दार्जीलिङ्०; सन् १९८२; पृ.८० र ८७ ।<br>(ख) ए हिष्ट्री अफ नेपाली लिटरेचर; साहित्य एकाडेमी, न्यू दिल्ली; सन् १९८४; पृ.६२–६३ । |

| लेखक | ग्रन्थ |
| --- | --- |
| (८) लक्ष्मीदेवी सुन्दास | नेपाली कविताको विकासमा दार्जीलिङ्को योगदान (सन् १८७७ देखि सन् १९७७ सम्म); दार्जीलिङ्को रचना र विकासका पृष्ठभूमिका; (विद्यावारिधि शोध प्रबन्ध); त्रि.वि.वि., काठमाडौं; २०४५; पृ.२५२–३५२ । |

जनकलाल शर्माको उक्त ग्रन्थमा जोसमनी सम्प्रदायका सन्तहरूको परिचयात्मक चर्चाका क्रममा सन्त कवि शशिधर दास र ज्ञानदिल दासको जीवनीकासाथै उनीहरूका रचना कृतिहरूको पनि चर्चा गरिएको पाइन्छ र यसै सिलसिलामा शशिधर दासको सच्चिदानन्द लहरी (१९०६ पूर्व) र ज्ञानदिल दासको उदय लहरी (१९३४) को पनि आंशिक चर्चा गरिएको छ ( पृ.८–६० र ८६–१३१) । जनकलाल शर्माले सच्चिदानन्द लहरी र उदय लहरीको सङ्कलन–सम्पादन गरेर केही टीका–टिप्पणी वा पाठान्तर आदिका साथै यसै ग्रन्थमा प्रकाशित पनि गराएका छन् (पृ.१५०–१६४ र ३२२–३६६) । साहित्य सिर्जनाका उद्देश्यले नभएर जोसमनी धर्म प्रचारका उद्देश्यले रचिएको भए तापनि ज्ञानदिल दासको उदय लहरी काव्यात्मक रहेको छ भन्ने विचार पनि जनकलाल शर्माले उनको उक्त ग्रन्थमा प्रकट गरेका छन् (पृ.१२४–१२५) ।

केशवप्रसाद उपाध्यायले उनको पूर्वोक्त कृतिमा प्राथमिक कालका नेपाली भक्ति काव्यको चर्चाका क्रममा सन्त काव्य (ज्ञान काव्य) का सन्दर्भमा जोसमनी सन्तकवि शशिधर दासको सच्चिदानन्द लहरी र ज्ञानदिल दासको उदय लहरीको आंशिक चर्चा गरेको पाइन्छ । केशवप्रसाद उपाध्यायले सच्चिदानन्द लहरी हिन्दी भाषामा रचिएको र जोसमनी मत प्रतिपादन गर्ने‌का निम्ति गुरु महिमा, भक्ति, समाधि आदिको महिमा ज्ञान गाइएको हुनाले यो काव्यात्मक बन्न नसकेको ठह-याएका छन् (पृ.१८७) । तर जोसमनी मतको प्रचारका उद्देश्यले रचिएको भए

तापनि ज्ञानदिल दासको उदय लहरीमा चाहिँ तत्कालीन सामाजिक, प्रशासनिक र आर्थिक स्थितिको चित्रण हुन सकेको छ अनि लोक लयात्मक छन्द विधान तथा आलङ्कारिक एवं प्रतीकात्मक भाषा–शैलीले गर्दा उदय लहरी काव्यात्मक छ भन्ने विचार पनि उनले प्रकट गरेका छन् (पृ.१२९–१४७)। यसै ग्रन्थमा गरिएको कृष्णाश्रयी भक्तिकाव्यको चर्चाका सिलसिलामा केशवप्रसाद उपाध्यायले कवि वसन्त शर्माको सुपृ लहरीलाई भाव, शैली र लोक लयका दृष्टिले त्यस समयको ""सफल र उत्तम रचना"" हो पनि भनेका छन् (पृ.१६२)।

तुलसीबहादुर छेत्रीले गरेको लहरी काव्य सम्मन्धी चर्चा उनको शोध–प्रबन्धको व्यापक शीर्षक र सीमालाई ध्यानमा राखेर निकै संक्षेपमा गरिएको पाइन्छ। यसमा उनले लहरीकारहरूको परिचयका साथ उदय लहरी, माया लहरी (सन् १९११), प्रेम लहरी (चार भाग; सन् १९१२), आनन्द–लहरी (आठ भाग; सन् १९१६–१७) र भन लहरी (१९८०) हरूको आंशिक चर्चा गरेका छन्। तुलसी–बहादुर छेत्रीको लहरी काव्य सम्मन्धी चर्चा परिचयात्मक दृष्टिले प्रस्तुत भएको छ (पृ.१४४–२४६)।

शरद्चन्द्र शर्मा भट्टराईले उनको नेपाली साहित्यको इतिहास (माध्यमिक काल) – मा ""माध्यमिक कालीन साहित्यका विभिन्न विधाका धारा–उप–धारा"" – का चर्चाका क्रममा महानन्द सापकोटाको मन लहरी (१९८०) लाई ""सामाजिक–सांस्कृतिक जागरणको धारा"" भित्र राखेर यसको चर्चा गरेका छन् (पृ.१०३–१०५) भने यसै ग्रन्थको ""धारा–उपधाराहरूको लय पक्षको विवेचना"" – का सन्दर्भमा भक्ति लहरी, अमृत लहरी, निर्वेद लहरीहरू भक्ति धारा वा धार्मिक विषयका रहेका तथा आनन्द लहरी, माया लहरी र प्रीति लहरीहरू चाहिँ शृङ्गार धारामा रचिएका अनि मन लहरी, उपदेश लहरीहरू चाहिँ नीति–उपदेश विषयक रहेका कुराको उल्लेख गरेका छन् (पृ.१०५–१०८)। यसै ग्रन्थमा शरद्चन्द्र शर्मा भट्टराईले लहरी साहित्यको लेखन परम्परा लामो रहेको कुराको चर्चा गर्दै

नेपालीमा विभिन्न विषयका लहरी रचिएका भए तापनि सवाईं, फ्याउरे जस्ता लोकलयमा रचिएका शृङ्गारिक लहरीहरू नै बढी उल्लेखनीय रहेका छन् भन्दै यसै क्रममा आनन्द लहरी, विरह लहरी, प्रेम लहरी (चार भाग), प्रीति लहरी जस्ता एकाध लहरीहरूको आंशिक चर्चा गरेको पाइन्छ (पृ.२१६–२२०) ।

प्रतापचन्द्र प्रधानले उनको माध्यमिक कालीन नेपाली कवितामा शृङ्गार नामक ग्रन्थमा "माध्यमिक कालका नेपाली शृङ्गार कविताको क्रमिक विकास–प्रक्रिया", "माध्यमिक कालका नेपाली शृङ्गार कविताको विकास–प्रक्रियाका विभिन्न चरण" जस्ता शीर्षकहरूमा छिटफुट रूपमा एकाध लहरीहरूको चर्चा या उल्लेख गरेको पाइन्छ (पृ.४०–८८) । प्रतापचन्द्र प्रधानको लहरी काव्य सम्बन्धी चर्चा प्रासङ्गिक छ र केही अस्पष्ट रहेको अनि सिलसिलाबद्ध हुन नसकेको देखिन्छ ।

दयाराम श्रेष्ठ सम्भवले पूर्वोक्त कृतिमा सन्त–साहित्यको चर्चाका क्रममा शशिधर दासको सच्चिदानन्द लहरी र ज्ञानदिल दासको उदय लहरीको आंशिक चर्चा गरेका छन् र सच्चिदानन्द लहरीलाई "श्रेष्ठ पद्य रचना" (पृ.१८६) तथा उदय लहरीलाई "नेपाली साहित्यकै एक क्लासिक रचनाको श्रेणीमा पुगिसकेको" (पृ.१६१) कृति पनि मनेका छन् । उनले उनको उक्त ग्रन्थमा कृष्ण भक्ति काव्यका चर्चाका सिलसिलामा वसन्त शर्माको गुरुङ लहरीको रचना एवं प्रकाशन कालमा प्रकाश पारेर यसको आंशिक चर्चा पनि गरेको पाइन्छ । वैद्यप्रसाद उपाध्याय अथवा दयाराम श्रेष्ठ सम्भवले सच्चिदानन्द लहरी र उदय लहरीको चर्चा गर्दा धेर–थोर सन्दर्भ सामग्रीहरू जनकलाल शर्माको जोसमनी सन्त परम्परा र साहित्य (२०२२) बाट ग्रहण गरेको कुरा उल्लेखनीय छ ।

कुमार प्रधानका पहिलो प्रहर (पृ.८० र ८७) तथा ए हिस्ट्री अफ नेपाली लिटरेचर (पृ.४२–४३) मा उदय लहरी, आनन्द लहरी, प्रीति लहरी जस्ता एकाध

लहरी काव्यहरूको उल्लेख गरिएको पाइन्छ । कुमार प्रधानका उक्त दुवै ग्रन्थमा गरिएको लहरी काव्य सम्बन्धी चर्चा परिचयात्मक मात्र रहेको छ ।

लक्ष्मीदेवी सुन्दासको लहरी काव्य सम्बन्धी चर्चा उनको शोध प्रबन्धको व्यापक शीर्षक र सीमालाई ध्यानमा राखेर संक्षिप्त ढङ्गले गरिएको पाइन्छ । लक्ष्मीदेवी सुन्दासको उक्त शोध प्रबन्धमा ज्ञानदिल दासको उदय लहरी, रत्ननारायण प्रधानको चार खण्डीय प्रेम लहरी, धनसिंह मामलिङ राईको माया लहरी (सन् १९११), विभिन्न कवि-गायकहरूको आठ खण्डीय आनन्द लहरी (सन् १९१६-९७) र महानन्द सापकोटाको मन लहरी (१९८०) हरूको चर्चा संक्षेपमा गरिएको छ । उक्त शोध ग्रन्थमा उदय लहरीलाई 'दार्जीलिङको पहिलो लिखित काव्य कृति' (पृ.२९८) भनिएको छ भने प्रेम लहरी रत्ननारायण प्रधानको दोस्रो कृति रहेको र त्यसबेला यो तरुण-तरुणीहरूका बीचमा निकै लोकप्रिय रहेको कुराको उल्लेख गरिएको छ (पृ.३१६) । रत्ननारायण प्रधानको प्रेम लहरी पं. पुण्यप्रसाद उपाध्यायद्वारा काशीबाट सन् १९१२ मा प्रकाशित भएको तथा यसका अन्य संस्करणहरू पनि वाँडै-वाँडै प्रकाशित भएका कुराहरू पनि यहाँ उल्लेख गरिएको छ (पृ.३१६-३२०) । प्रेम लहरीले 'काण्डै-काण्ड प्रबन्धको रूप लिन पुगेको' देखाई (पृ.३२१) यसको संक्षिप्त परिचय पनि यहाँ प्रस्तुत गरिएको छ । लक्ष्मीदेवी सुन्दासले उनको उक्त शोधग्रन्थमा लोकलयमा रचिएको माया लहरीमा 'तत्कालीन सामाजिक अवस्थाको चित्रण हुन सकेको छ'' (पृ.३२५) भन्दै माया लहरी र यसका रचयिताको संक्षिप्त परिचय पनि प्रस्तुत गरेको पाइन्छ । यस्तै लहरीकार-हरूको परिचयसाथ आठखण्डीय आनन्द लहरी, प्रीति लहरी र मन लहरीहरूको पनि परिचयात्मक चर्चा उनीद्वारा यसमा गरिएको पाइन्छ (पृ.३२५-३५१) । वस्तुत: लक्ष्मीदेवी सुन्दासको उक्त शोध प्रबन्धमा दार्जीलिङ सीमाभित्र रचिएका लहरी काव्यहरूको प्रासङ्गिक एवं परिचयात्मक चर्चा हुन पुगेको छ ।

110073
24 MAY 1993

उपर्युक्त विभिन्न तीन वर्ग (क, ख र ग) का विभिन्न पूर्व कार्यहरूबाट नेपाली लहरी साहित्यका नामले समेत प्रचलित रहेका नेपाली लहरी काव्यहरूको परिचयात्मक चर्चा भएको पाइन्छ; तर व्यापक सैद्धान्तिक र ऐतिहासिक परिप्रेक्ष्यमा प्रत्येक लहरी काव्यको सघन विश्लेषण र ठोस मूल्याङ्कन गरी नेपाली कविता परम्परामा लहरी काव्यको देनको विस्तृत मूल्याङ्कन कार्य चाहिँ हुन बाँकी रहेको पाइन्छ । त्यसैले प्रस्तुत शीर्षकमा विद्यावारिधि (पी.एच्.डी) शोध-कार्यको प्रासङ्गिकता वा सान्दर्भिकता देखापर्छ ।

## १.४ शोधकार्यको औचित्य

नेपाली कविताको परम्परा एउटा विशिष्ट किसिमका रूपमा लहरी काव्य रहेको र यसबारे फाटफुट चर्चा मात्र भएको कुरा उपर्युक्त पूर्वकार्यका समीक्षाबाट देखिन आएको हुँदा यस शोधकार्यको प्राज्ञिक औचित्य रहेको देखिन्छ । यस शोधबाट समग्र नेपाली लहरी काव्यको कालक्रमिक सर्वेक्षण तथा कृतिपरक सघन विश्लेषण र प्रामाणिक मूल्याङ्कन लगायत नेपाली कविताको परम्परामा लहरी काव्यले दिएको थप आयाम र मूल्यको निरूपणबाट खासगरी भक्तिधारा अन्तर्गत सन्त काव्य उपधारा र शृङ्गारिक काव्यधारा अन्तर्गत लोकोन्मुख शृङ्गार उपधाराको विवेचना सम्बन्धी योगदान प्राप्त हुनेछ । त्यसैले प्रस्तुत शोधकार्यको औचित्यको पुष्टि हुन्छ ।

## १.५ प्रस्तुत शोधकार्यको सीमाङ्कन

नेपाली लहरी काव्यहरूको रचना नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०), माध्यमिक काल (१९४१-१९७४) र आधुनिक काल (१९७५ देखि यता) तीनै कालमा भएको पाइन्छ तापनि खासगरेर प्राथमिक कालको उत्तरार्द्ध (१९७४-१९४०) देखि माध्यमिक काल (१९४१-१९७४) मा र आधुनिक कालको

पहिलो चरण (१९७५-१९९०) को प्रारम्भिक अवस्था (१९७५-१९८०) सम्म लहरी काव्यहरू बढी रूपमा रचिएका पाइन्छन् । मुख्यरूपमा विक्रमको बीसौं शताब्दीको सातौं दशकको शुरुतिर लहरी काव्य पर्याप्त रचिएका र प्रकाशित भएका छन् । वस्तुत: नेपाली लहरी काव्यले मुख्यरूपमा माध्यमिक कालको उत्तरार्द्ध (१९६३-१९७४) र सीमित मात्रामा प्राथमिक कालको उत्तरार्द्ध (१८७४-१९४०), माध्यमिक कालको पूर्वार्द्ध (१९४१-१९६२) तथा आधुनिक कालको पहिलो चरण (१९७५-१९९०) मा कविताको मध्यम विधा (खण्डकाव्य वा कोशकाव्य) - को विकासमा थप सघाउ पु-याएको पाइन्छ । माध्यमिक कालको उत्तरार्द्ध (१९६२-१९७४) मा यसका हेउडाउमा विभिन्न प्रकाशकहरूले एउटै लहरी काव्यलाई पनि सामान्य थप घट गरी विभिन्न आयाममा प्रकाशित गरेको पनि पाइन्छ ।[११] त्यसैले प्रस्तुत शोधकार्य वसन्त शर्माको सुधु लहरी (१९००) देखि महानन्द सापकोटाको मन लहरी (१९८०) सम्मका उपलब्ध एवं प्रमुख लहरी काव्यहरूको यथासम्भव विस्तृत अध्ययन गर्ने र सबभन्दा पछिल्लो उपलब्ध लहरी कृति स्वरूप ज्ञान लहरीको प्रकाशन काल २०३६ सम्मका अन्य उत्तरवर्ती लहरी काव्यहरूको चाहिँ सूचीकरण मात्र गर्ने कार्यमा सीमित रहेको छ ।

यस सन्दर्भमा अर्को उल्लेख्य कुरा के छ भने उत्तर बङ्गाल विश्वविद्यालयमा सन् १९८२ मा प्रस्तुत शोध प्रबन्धको दर्ता (रजिष्ट्रेशन) गर्दा त्यति बेलाको 'लहरी साहित्य' भन्ने प्राज्ञिक प्रचलन अनुसार यसको शीर्षक ''नेपाली लहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन'' राखिएको थियो; तर

---

११(क) यस सन्दर्भमा हुब्बा सोमनाथ केदारनाथद्वारा र सर्वहितैषी कम्पनी-द्वारा तथा बाबु माधवप्रसादद्वारा प्रकाशित सवाई पच्चीसा अन्तर्गतका लहरी काव्यहरू द्रष्टव्य छन् ।

(ख) यस किसिमका एकाध लहरीहरूको चर्चा यसै शोध प्रबन्धको परिशिष्टमा पनि गरिएको छ । हेर्नुहोस् परिशिष्ट 2 , पृ. ६४१-६५४

अनुसन्धानका क्रममा गद्यमा लहरीहरूको रचना भएको नपाइएकाले प्रस्तुत शोध प्रबन्ध लहरी काव्यहरूका अध्ययनमा नै सीमाङ्कित हुन पुगेको छ ।

१.७ शोधविधि

१.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यका लागि चाहिने सामग्रीहरू मुख्यत: पुस्तकालयीय अध्ययनबाट सङ्कलन गरिएको छ । यस क्रममा मुख्यरूपमा नेपालका मदन पुरस्कार पुस्तकालय (ललितपुर), त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय (कीर्तिपुर, काठमाडौं), र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको पुस्तकालय (काठमाडौं) तथा भारतको उत्तर बङ्गाल विश्वविद्यालयको पुस्तकालय (राजाराममोहनपुर, दार्जीलिङ)-हरूको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सन् १९८३ देखि सन् १९८८ का बीचमा सम्बन्धित क्षेत्रका विशेषज्ञ स्रोत व्यक्तिहरूबाट भेटघाटका आधारमा प्राप्त जानकारीको उपयोग पनि गरिएको छ । स्रोत व्यक्ति र उनी-हरूबाट प्राप्त मुख्य जानकारी निम्न लिखित किसिमका छन्:

| स्रोत व्यक्ति | प्राप्त जानकारी |
|---|---|
| (१) शरच्चन्द्र शर्मा भट्टराई, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं । | उमाकान्त त्रिपाठीको वैकुण्ठ लहरी (१९४८) बारे । |
| (२) लक्ष्मीदेवी सुन्दास, दार्जीलिङ गवर्नमेण्ट कलेज, दार्जीलिङ । | रत्ननारायण प्रधानको जीवनी र उनका रचनाकृतिहरू बारे । |
| (३) हरिकुमार तामाङ, कुलेन डीम्कोना क्यान, कालिम्पोङ । | आठ खण्डीय आनन्द लहरीका रचयिता-हरू बारे । |

| स्रोत व्यक्ति | प्राप्त जानकारी |
| --- | --- |
| (४) विष्णुलाल उपाध्याय, बिहाली-माफ गाउँ, शोणितपुर, आसाम । | महानन्द सापकोटा आसाम रहँदा-बस्दाका उनका गतिविधिहरू बारे । |

## १.७.२ सैद्धान्तिक ढाँचा एवं विश्लेषण र सामान्यीकरण

उपलब्ध सामग्रीहरूको विश्लेषण र सामान्यीकरण गरी निष्कर्षमा पुग्ने क्रममा यस शोधकार्यमा मुख्यत: पूर्वीय र पाश्चात्य समालोचनाका सान्दर्भिक सिद्धान्त र पद्धतिहरूको उपयोग गरिएको छ । यस सिलसिलामा त्यसगरी साहित्य समालोचनाका ऐतिहासिक र तुलनात्मक विधिकासाथै कृतिपरक समालोचनासँग सन्दर्भित गरी प्रभावात्मक समालोचना पद्धति अन्तर्गत व्याख्यात्मक र मूल्य-निर्णयात्मक समालोचना प्रक्रियाको समेत यथावश्यक उपयोग गरिएको छ । पूर्वीय काव्य सिद्धान्तका रसवाद, रीतिवाद, अलङ्कार वाद र ध्वनिवाद तथा कविता विधा-सिद्धान्तलाई कृति विश्लेषणका क्रममा विशेषरूपमा अँगालिएको छ र यस क्रममा शृङ्गार र शान्त रसका आधारभूत मान्यताहरूलाई पनि सम्बन्धित लहरी काव्यको भावधाराका निरूपणका क्रममा आधार बनाइएको छ । कृति विश्लेषणकै क्रममा यहाँ पाश्चात्य नीतिपरक र समाजपरक समालोचना प्रणालीका-साथै लोक सांस्कृतिक एवं लोक साहित्य सम्बन्धी आधारभूत अवधारणा तथा स्वच्छन्दतावादी (रोमाण्टिक) प्रकृति चित्रण पद्धतिको र कविता विधा सम्बन्धी सैद्धान्तिक आधारहरूको पनि आंशिक उपयोग गरिएको छ । लहरी काव्यको छन्द निरूपणका सिलसिलामा मुख्यत: नेपाली लोकछन्द सम्बन्धी मान्यताको पनि आवश्यकतानुसार सहायता लिइएको छ । यसरी प्रस्तुत शोध समस्या र त्यसका सामग्रीगत अपेक्षाले माग गर्ने उपर्युक्त आधारभूत पूर्वी एवं पश्चिमी समालोचनात्मक सिद्धान्त र विधिहरूको सान्दर्भिक संयोजन गरी यहाँ सम्बन्धित सामग्रीको विश्लेषण र सामान्यीकरण वा निष्कर्षणको कार्य गरिएको छ ।

## १.८ शोध प्रबन्धको संगठन: परिच्छेद विभाजन

प्रस्तुत शोध प्रबन्धलाई जम्मा आठ परिच्छेदमा विभाजित गरिएको छ र यसको संगठन निम्न लिखित तरीकाले गरिएको छ:

| परिच्छेद | शीर्षक |
|---|---|
| पहिलो परिच्छेद | शोधकार्यको परिचय |
| दोस्रो परिच्छेद | लहरी काव्यको सैद्धान्तिक पिनारी |
| तेस्रो परिच्छेद | नेपाली कविताको विकास परम्परामा लहरी काव्य (१८२६-१९९०) को सर्वेक्षण |
| चौथो परिच्छेद | प्रमुख लहरीकाव्यहरूको विश्लेषणात्मक अध्ययन |
| पाँचौं परिच्छेद | लहरी काव्यहरूको वर्गीकरण |
| छैटौं परिच्छेद | लहरी काव्य-यात्राको चरण विभाजन र चरणगत मुख्य प्रवृत्तिहरू |
| सातौं परिच्छेद | नेपाली लहरी काव्यको मूल्याङ्कन |
| आठौं परिच्छेद | उपसंहार: निष्कर्ष |
| ---------- | परिशिष्ट |
| ---------- | प्रमुख सन्दर्भ विवरण |

यस शोध प्रबन्धका उपर्युक्त आठ परिच्छेदहरू मध्ये पहिलो परिच्छेदमा शोध प्रबन्धको शीर्षक र यसको परिचय, शोध समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा एवं विश्लेषण र सामान्यीकरण, शोध प्रबन्धको संगठन र परिच्छेद विभाजन, शोधकार्यका मुख्य निष्कर्ष तथा भावी शोधकार्यका निम्ति सुझाउ जस्ता सैद्धान्तिक कुराहरू रहेकाछन् ।

यसका दोस्रा परिच्छेदमा 'लहरी' शब्दको स्रोत, अर्थ एवं प्रयोग परम्पराको विवेचना गरेर नेपाली लोकगीत र गाथाको परिचय प्रस्तुत गरी लोकगीत र गाथाका सन्दर्भमा लहरीकाव्यको सम्बन्ध दर्शाइएको छ अनि नेपाली लोकछन्दका पृष्ठभूमिको चर्चा गरेर नेपाली लोकछन्द र लहरी काव्यको अन्तर-सम्बन्ध देखाइएको छ । यसै परिच्छेदमा कविता र यसका उपविधाका सापेक्षतामा लहरी काव्यको स्वरूप निर्धारण पनि गरिएको छ ।

तेस्रो परिच्छेदमा नेपाली कविताको विकास - परम्पराको चर्चा गरेर नेपाली लहरी काव्यको थालनी काल (१९००) दैखि १९८० सालसम्मका लहरी कृतिहरूको - सर्वेक्षणका सन्दर्भमा सम्बन्धित लहरीकारहरूको जीवनीपरक परिचय प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा नेपाली कवितामा लहरी काव्य सृजनाका उत्प्रेरक तत्त्वहरूको पनि विश्लेषणात्मक चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा सुगुड् लहरी (१९००) दैखि मन लहरी (१९८०) सम्मका उपलब्ध मुख्य बीसोटा लहरी कृतिहरूको मुख्यत: आयाम एवं संरचना, विषयवस्तु वा भाव विधान, छन्द-लय विधान, भाषा-शैली, बिम्बालङ्कार तथा कवित्वको स्तरका आधारमा अन्तरङ्ग विश्लेषण गरिएको छ । विश्लेषणाका क्रममा पाइएका अन्य प्रासङ्गिक सन्दर्भहरूलाई पनि यथास्थानमा देखाउँदै प्रत्येक लहरी कृतिको विश्लेषणका अन्त्यमा निष्कर्ष पनि दिइएको छ ।

पाँचौं परिच्छेदमा भाव वा विषयवस्तु, छन्द-लय, आयाम एवं कविता स्वरूप र कवित्व स्तरका आधारमा सुगुड् लहरीदेखि मन लहरीसम्मका लहरी काव्यहरूको वर्गीकरण गरिएको छ ।

छैटौं परिच्छेदमा नेपाली लहरी काव्य यात्राको चरण विभाजन गरी प्रत्येक चरणका मुख्य मुख्य प्रवृत्तिहरूको चर्चा गरिएको छ र मन लहरी (१९८०)

पछि नेपाली लहरीकाव्य परम्परामा आएका शिथिलताका मुख्य मुख्य कारण-हरूको विवेचना गरिएको छ ।

सातौं परिच्छेद नेपाली लहरीकाव्यको मूल्याङ्कनका रूपमा रहेको छ । यसमा समुद्र लहरीदेखि मन लहरीसम्मका एकाइसवटा लहरीकाव्यको काव्यका आन्तरिक तत्व (भाव, लय, भाषा-शैली, बिम्बालङ्कार र संरचना) का आधारमा गुणस्तर निर्धारण गरी प्रत्येक लहरीका मुख्य मुख्य विशेषताहरूबारे संक्षिप्त टिप्पणी गरिएको छ अनि त्यसपछि नेपाली कविताको धारागत विकासमा लहरीकाव्यले दिएका योगदानमा प्रकाश पार्दै लहरीकाव्यले आधुनिक कालका लोकछन्दात्मक कविताको विकासका निम्ति निर्माण गरिदिएको पृष्ठ-भूमि र योगदानको पनि उल्लेख गरिएको छ । यसै परिच्छेदमा नेपाली लहरीकाव्य परम्पराका मुख्य दुर्बलताहरूको पनि चर्चा गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको आठौं परिच्छेद सम्पूर्ण शोधकार्यको निष्कर्ष वा उपसंहारका रूपमा रहेको छ । यसमा प्रथमत: पूर्ववर्ती सात परिच्छेदको सारांश प्रस्तुत गरी अन्त्यमा सम्पूर्ण शोधकार्यका आधारभूत प्राप्ति र स्थापनाहरूलाई बुँदागत रूपमा दिइएको छ ।

परिशिष्टमा कालक्रमिक रूपमा नेपाली लहरी काव्यहरूको सूची र रचनाकार, रचनाकाल एवं प्रकाशन काल थाहा लाग्न नसकेका एकाध लहरीकाव्य-हरूको परिचयात्मक चर्चा पनि गरिएको छ ।

प्रमुख सन्दर्भ विवरण अन्तर्गत कृतिका लेखकका वर्णानुक्रमका आधारमा यस अध्ययनका क्रममा प्रयुक्त विभिन्न पुस्तक एवं पत्रपत्रिकाका लेख-रचनाहरूको सन्दर्भ विवरण अलग-अलग रूपमा राखिएको छ ।

## १.९ शोधकार्यको मुख्य निष्कर्ष

प्रस्तुत शोध कार्यले मुख्य रूपमा निम्नलिखित कुराहरू निष्कर्षका रूपमा प्रस्तुत गरेको छ:

(१) शब्दार्थका दृष्टिले लहरी काव्य तिनका कवि वा रचयिताहरूका मनोजगतका कुनै एक विषयवस्तु वा भाव तरङ्गहरूको सहज एवं स्वत:स्फूर्त काव्यात्मक अभिव्यक्ति भएको कृति रहेको छ । संस्कृत साहित्य परम्परामा रहेका शङ्कराचार्य (सन् ७८८–८२०)-को <u>सौन्दर्य लहरी</u> तथा पण्डितराज जगन्नाथ (सन् १५९०–१६५५)-का <u>करुणा लहरी</u>, <u>गङ्गा लहरी</u>, <u>अमृत लहरी</u>, <u>लक्ष्मी लहरी</u> र <u>सुधा लहरी</u> जस्ता लहरी काव्य-कृतिहरूबाट लहरी काव्य परम्पराको प्राचीनता प्रमाणित हुन्छ ।

(२) नेपाली भाषामा लहरी काव्यको पुरानो मौखिक गायन-परम्परा सम्भाव्य भए पनि सो उपलब्ध हुन नसकेको परिप्रेक्ष्यमा यसको लेखन परम्परा वसन्त शर्माको वि.सं. १९०० को <u>सुगु लहरी</u>बाट थालिई मूल प्रवाहका रूपमा महानन्द सापकोटाको <u>मन लहरी</u> (१९८०) सम्म प्रचलित रही त्यसपछि क्रमश: शिथिल हुँदै फाटफुट रूपमा मात्र प्रकट हुने गरेको पाइयो । यस सन्दर्भमा नेपाली लहरी परम्पराको यात्रालाई मूल प्रवाह (१९००–१९८०) र अवशिष्ट प्रयोग (१९८० पछि) का रूपमा बाँडी हेर्नु पर्ने देखियो । यी दुइ अवधिमध्ये मूल-प्रवाहका समयावधिमा जम्मा एक्काइसवटा र अवशिष्ट प्रयोगका अवधिमा दसवटा लहरी काव्य रचिएका प्रकाशित भएका फेला परे ।

(३) नेपाली लहरी काव्यको मूल प्रवाहको समयावधिका लहरी कृतिहरू-लाई संरचनागत दृष्टिले हेर्दा (क) संक्षिप्त विरह लहरी (र. १९५२-५५), वैकुण्ठ लहरी (र. १९५७) जस्ता केही लहरीहरू अपेक्षाकृत संक्षिप्त आयाम अँगाली बढी केन्द्रित र अन्वितिपूर्ण संरचना अँगाल्ने, (ख) मुमुक्षु लहरी (१९००), उपय लहरी (१९३४), प्रीति लहरी (सन् १९१९), र पन लहरी (१९८०) जस्ता केही लहरीहरूले अपेक्षाकृत विस्तृत आयाम अँगाले तापनि भागहरूमा विभाजित नभई कोशकाव्यात्मक लचिलो संरचना अँगाल्ने र (ग) सच्चिदानन्द लहरी (१९०६ पूर्व), प्रेम लहरी (१९६९), आनन्द लहरी (१९७३-७४) र पवन लहरी (१९८० पूर्व) जस्ता लहरीहरू चाहिँ भागहरूमा विभाजित हुनाकासाथै विषयगत विस्तृति र प्रकीर्णता अँगाली शिथिल संरचना भएका देखिए। यसरी संरचनागत आयामका हिसाबले नेपाली लहरी काव्यहरू तीन थरीका देखिए।

(४) नेपाली लहरी काव्यको मूल प्रवाहको समयावधिका लहरीकाव्यहरूमा श्लोक परिमाण र श्लोक परिमाणले निर्देशित गरेको आयामका दृष्टिले हेर्दा संक्षिप्त विरह लहरी, वैकुण्ठ लहरी र उपदेश लहरी (१९५३) लघु लहरी कृति देखिए (यिनीहरूमा वर्णमात्रिक छन्दका क्रमशः २०, २४ र २७ श्लोक रहेका छन्) भने सर्वाधिक विस्तृत लहरी चाहिँ आठ भागको आनन्द लहरी देखियो (यसका आठै भागमा गरी झिल्दी झ्याउरे र केही वर्णमात्रिक छन्दका समेत जम्मा १३८६ श्लोक छन्)। तर यसका प्रत्येक भागलाई अलग-अलग लेखकका अलग-अलग एक-एक लहरी ठान्नु पर्ने देखिन्छ र यस परिप्रेक्ष्यमा चाहिँ रुटै लेखकको तेह्र भागको पवन लहरी नै सर्वाधिक विस्तृत लहरी देखा पर्छ (यसमा झ्याउरे, सेलो र वर्णमात्रिक

छन्दमा गरी जम्मा ८९९ श्लोक छन्) । यसरी संक्षिप्त विरह लहरी, वैकुण्ठ लहरी र उपदेश लहरी (१९९३) ले दिएका साक्ष्यका आधारमा हेर्दा नेपाली लहरी काव्यको परिमाणात्मक लम्बाइ कम्तीमा २० श्लोकदेखि थालिई कविताको सामान्य लघुरूप (फुटकर कविता) को छाराछारीमा रहे पनि यी तीन लहरी बाहेक अरू लहरी काव्यले चाहिँ यसको आयाम कविताको मध्यम रूपतर्फ नै उन्मुख रहेको कुरा देखाएका छन् ।

(५) नेपाली लहरी काव्यको मूल प्रवाह कालका एक्काइसवटा लहरीहरू मध्ये विरह लहरी (१९९२), कामिनी विरह लहरी (र. १९९२-९५) र संक्षिप्त विरह लहरी (र. १९९२-९५) गरी जम्मा तीनवटा लहरीहरू सूक्ष्माख्यान अँगाली रचिएका पाइए पनि अवशिष्ट लहरीहरू चाहिँ आख्यान निरपेक्ष रहेका देखिए ।

(६) नेपाली कविताको विकासका परिप्रेक्ष्यमा लहरी काव्यको मूल स्रोत नेपाली गीति रहेको छ । संस्कृत लहरीकाव्य र यसका भाव प्रवाह एवं संरचना नेपाली लहरी काव्यका मुख्य उत्प्रेरक तत्त्व रहेका छन् । लय पद्धतिका दृष्टिले चाहिँ सवाई एवं झ्याउरे जस्ता नेपाली लोक लयात्मक छन्दहरूको प्रेरणा नेपाली लहरी काव्यका निम्ति महत्त्वपूर्ण रहेको छ । केही लहरीहरू सवाई छन्दमा रचिए तापनि नेपाली लहरी काव्यले सवाईको गाथा प्रवृत्ति वा आख्यानधर्मिता-लाई न अँगालेर आख्यान विकल्पलाई नै अँगालेको छ । लोकस्तरका सामान्य प्रतिभाहरूको शिष्ट-लेख्य कवितातर्फको रुचि पनि नेपाली लहरी काव्यका रचना र प्रकाशनका निम्ति उत्प्रेरक रहेको छ ।

(७) नेपाली कविताको मूल परम्परासँग नेपाली लहरी काव्यको यात्रालाई संयोजित गरेर हेर्दा नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध

(१८७४–१९४०) मा सुन्दरी लहरी (१९००) बाट नेपाली लहरी-काव्यको थालनी भएको छ । नेपाली लहरी काव्य नेपाली कविताको माध्यमिक काल (१९४१–१९७४) का बीच नै मुख्यत: शृङ्गार धारामा फाङ्गियो । आधुनिक नेपाली कविताको पहिलो पहर (१९७५–१९९०) का बीच मन लहरीको प्रकाशन (१९८०) ले लहरी काव्यलाई परिष्कारवादी सामाजिक, नैतिक धार्मिक दिशातर्फ केही मोडे पनि यस पछिका लहरी काव्यको अवशिष्ट प्रयोगमा बाहेक नेपाली लहरी-काव्यले यो वा अन्य नव चेतना लिन नसकेकाले र परम्परागत लोकगीति मिश्रित प्रवाह पनि धान्न नसकेकाले यसको यात्रागतिमा आधुनिक नेपाली कविताको बहुलो प्रवाहसँग शिथिलता आएको छ ।

(८) चरणगत दृष्टिले नेपाली लहरी काव्य-यात्रालाई हेर्दा यसका उठान वा थालनी काल (१९००–१९३४), अभिवृद्धि वा विकासको मध्यावस्था (१९४७–१९६२), चरम विस्तार काल (१९६३–१९७४), प्रतिमोड र विश्रान्तितर्फ उन्मुख अवस्था (१९७५–१९८०) र शिथिल काल (१९८० पछि –) गरी जम्मा पाँच चरण देखिए । यसको पहिलो चरणमा तीनवटा आध्यात्मिक लहरी कृति रचिएका पाइए भने अभिवृद्धि वा विकासको मध्यावस्थामा तीनवटा शृङ्गारेतर र तीनवटा शृङ्गारिक गरी जम्मा छवटा लहरी रचिएका पाइए । यसको चरम विकास कालमा केही शृङ्गारेतर लहरी काव्य रचिए तापनि माया लहरी (१९६८), प्रेम लहरी (चार भाग; १९६९) र आनन्द लहरी (आठ भाग; १९७३–७४) जस्ता फत्याउरे झन्का शृङ्गारिक लहरीहरू नै बढी लोकप्रिय रहे । प्रतिमोड र विश्रान्तितर्फ उन्मुख अवस्थामा एकाध शृङ्गारिक र शृङ्गारेतर लहरीहरू रचिए तापनि मुख्यत:

समाज सुधार-संस्कारको चेत अँगाली रचिएको महानन्द सापकोटाको मनलहरी (१९८०) नै यस चरणको विशेष उल्लेखनीय लहरी कृति रहेको छ । मन लहरीको प्रकाशन (१९८०) पछि नेपाली लहरी-काव्यको परम्परागत लोक गीति-निकटता हराउँदै वा घट्दै गएकाले लहरी काव्यको मूल प्रवाह शिथिल भएको छ ।

(९) नेपाली लहरी काव्यको मूल प्रवाह (१९००-१९८०) भित्रका लहरी काव्यहरूको वर्गीकरण गर्दा भाव वा विषयका दृष्टिले जम्मा आठ वटा लहरी धार्मिक-आध्यात्मिक वा भक्तिमूलक, आठवटा लहरीहरू प्रेम-प्रीति वा शृङ्गार भाव प्रधान र पाँचवटा लहरीहरू नैतिक-धार्मिक उपदेश एवं समाज सुधार-संस्कारको भाव प्रधान रहेका पाइए । छन्द-लय ढाँचाका आधारमा वर्गीकरण गर्दा दुइवटा लहरीहरू दोधादि विविध मात्रिक छन्द-लय ढाँचामा, सातवटा लहरीहरू वर्णमात्रिक शास्त्रीय छन्दमा र अवशिष्ट लहरीहरू नेपाली लोक लयका वार्णिक सवाई एवं झ्याउरे छन्दमा रचिएका पाइए । त्यसैले नेपाली लोकलयात्मक छन्द नै नेपाली लहरी काव्यको मूल छन्द प्रवाह रहेको ठहर्छ ।

(१०) नेपाली कविताका विभिन्न कालखण्ड र धारागत विकासमा नेपाली लहरी काव्यले थप सघाउ पु-याएको छ । नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध (१८७४-१९४०) का वैराग्य एवं ज्ञान वा ब्रह्म चिन्तन प्रधान लहरी काव्यहरूले निर्गुण भक्ति धारा प्रवाहित गराएका छन् भने माध्यमिक काल (१९४१-१९७४) मा खासगरी शृङ्गारिक लहरी काव्यहरूले माध्यमिक कालको शृङ्गारलाई जन-साधारण समक्ष पु-याएर लोकप्रिय तुल्याउने काम गरेका छन् । आधुनिक कालको पहिलो चरण (१९७५-१९९०) का बीचको मन लहरी

(१९८०) लै लैनाथ पौड्यालहरुद्वारा थालिएको परिष्कारवादी वा सांस्कृतिक पुनर्जागरणवादी धाराको विकासमा थप वैचारिक सघाउ पु-याएको छ । मन लहरीको प्रकाशन (१९८०) पछि नेपाली लहरी काव्य-यात्राको गति शिथिल भए तापनि नेपाली लहरीकार-हरुले प्रयोग गर्दै त्यसको नेपाली लोकलयको भत्याउरे छन्दलाई अँगालेर आधुनिक कालका नेपाली कविहरुले लोकलयात्मक खण्डकाव्य-हरुको रचना गरेको देखिन्छ ।

(११) कवितात्मक गुणस्तर र खण्डकाव्यात्मक स्तरलाई भावपरिपाक, लय-वैशिष्ट्य, शिल्प-शैली एवं संरचनात्मक कौशलका सन्दर्भमा हेर्दा <u>सुमन लहरी</u> (१९००) देखि <u>मन लहरी</u> (१९८०) सम्मका लहरी काव्यहरुमा दुइवटा उच्च-मध्यम स्तरीय, दुइवटा मध्यम स्तरीय, तीनवटा निम्न-मध्यम स्तरीय, आठवटा सामान्य स्तरीय र दुइ-वटा अति सामान्य स्तरीय लहरी कृति देखिए ।

## १.१० भावी शोधकार्यका निम्ति सुभाउ

यस शोधकार्यका अनुभवका आधारमा सुभाउ दिन खोज्दा यस विवेच्य क्षेत्रमा निम्न लिखित शीर्षकहरुमा विशिष्टकृत प्रवृत्तिका भावी विद्यावारिधि (पी.एच्.डी) शोधकार्य हुन सक्ने सम्भावना देखिन आएको छ:

(१) नेपाली कविताका शृङ्गार धारामा लहरी काव्यको योगदान ।
(२) नेपाली लहरी काव्यको संरचनात्मक स्वरुप र आयाम: खण्डकाव्यका परिप्रेक्ष्यमा ।
(३) लहरी काव्यको छन्द प्रयोगको विश्लेषणात्मक अध्ययन ।
(४) लहरी काव्यको लोक सांस्कृतिक पक्षको अध्ययन ।

(५) नेपाली कविताको लोकधारा र लहरी काव्यका बीचको अन्तर सम्बन्ध ।

(६) लहरी काव्यको भाषा-शैली: वैज्ञानिक अध्ययन ।